
# अभ्यास शिक्षण

## पूर्वसेवाकालीन प्राथमिक शिक्षक तालिम
## (दोस्रो सेमेष्टर)

२०६०



# प्रशिक्षार्थी सहयोग पुस्तिका

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी, भक्तपुर

परीक्षणको लागि

परीक्षणका लागि

# अभ्यास शिक्षण

## पूर्वसेवाकालीन प्राथमिक शिक्षक तालिम

## दोस्रो खण्ड

**प्रशिक्षार्थी सहयोगीपुस्तिका**

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी, भक्तपुर

**प्रकाशक**
श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी, भक्तपुर

© सर्वाधिकार प्रकाशकमा

**प्रथम संस्करण २०६०**

G451

**लेखक**
१ श्री ईश्वरीप्रसाद ज्ञवाली

**विषयवस्तु सम्पादन**
श्री लक्ष्मीप्रसाद खत्री

**भाषासम्पादन**
श्री गीरमान थापा

**संयोजन**
श्री सूर्यप्रसाद गौतम

**प्राविधिक सल्लाहकार**
१ श्री डा. गजेन्द्रमान श्रेष्ठ
२ श्री डा. विष्णु सिंह राई
३ मेरियोन योड

**आवरण डिजाइन**
श्री सुमन वज्राचार्य

# भूमिका

अभ्यास शिक्षण विषयको प्रस्तुत प्रशिक्षार्थी सहयोगी पुस्तिका १० महिने पूर्वसेवाकालीन प्राथमिक शिक्षक तालिम दोस्रो खण्डमा सहभागी हुने प्रशिक्षार्थीहरूका लागि सहयोगी पुस्तिकाको रूपमा तयार गरिएको हो । यो प्रशिक्षार्थी सहयोगी पुस्तिका पूर्वसेवाकालीन प्राथमिक शिक्षक तालिम पाठ्यक्रममा आधारित छ । यो सामग्रीको प्रयोगबाट प्रशिक्षार्थीहरूले तालिममा सिकेका कुराहरूलाई अझ सवलीकरण गर्ने एवम् कक्षाकोठामा प्रयोग गर्न सहयोग पुऱ्याउने अपेक्षा राखिएको छ ।

यस सामग्रीअन्तर्गत अभ्यास शिक्षणको पाठ्यक्रम परिचय, संरचना, लक्ष्य तथा उद्देश्य दैनिक कार्ययोजना र अभ्यास शिक्षणका क्रममा आत्यावश्यक पर्ने फारामका नमुनाहरू समावेश गरिएका छन् ।

सामग्री तयार गर्नका लागि प्रमुख रूपमा पूर्वसेवाकालीन प्राथमिक शिक्षक तालिम पाठ्यक्रमको आधार लिइएको छ । लेखक तथा सम्पादकहरूका लागि प्राविधिक सल्लाहकारबाट अभिमुखीकरण कार्यशाला सञ्चालन भई सामग्रीको स्वरूप निर्धारण गरी तद्नुरूप लेखन कार्य अगाडि बढाइएको थियो । लेखन कार्यको क्रममा विभिन्न पुनरावलोकन कार्यशाला सञ्चालन गरी आवश्यक सुधार गरी यस रूपमा तयार गरिएको छ । प्रस्तुत सामग्री श्री शैक्षिक जनशक्ति विकास केन्द्रबाट तयार गरी परीक्षणको रूपमा प्रयोगमा ल्याइएको छ । शिक्षक, प्रशिक्षक तथा अध्ययन गर्ने सम्पूर्ण पाठक वर्गबाट यस सामग्रीमा भएका कमी कमजोरी औंल्याई सुधारका लागि आवश्यक सुझावको अपेक्षा यस केन्द्रले राखेको छ । प्राप्त हुने रचनात्मक सुझावहरूलाई आगामी संस्करणमा समावेश गरिनेछ ।

प्रस्तुत सामग्री तयारी गर्ने कार्यमा संलग्न लेखक, सम्पादक, प्राविधिक सल्लाहकार एवम् सबै महानुभावहरू धन्यवादका पात्र हुनुहुन्छ ।

२०६० साल, असार

अर्जुनबहादुर भण्डारी
कार्यकारी निर्देशक

# विषयसूची


| | पृष्ठ |
|---|---|
| सामान्य विवरण | १ |
| परिचय | २ |
| पाठ्यक्रम परिचय | २ |
| अभ्यास शिक्षण कार्यक्रमको लक्ष्य र उद्देश्य | ३ |
| पहिलो खण्ड | ६ |
| दास्रो खण्ड | १४ |
| विद्यालय प्रोफाइल | १६ |
| पाठयोजनाको खाका | २० |
| आत्ममूल्याङ्कन फाराम | २३ |
| कार्यविवरण फाराम | २५ |
| सहपाठी / कक्षाअवलोकन फाराम | ३१ |

...............................

## तालिम केन्द्र

..............................

(सामान्य विवरण )

प्रशिक्षार्थीको नाम :

रजिष्ट्रेशन नम्वर :

परीक्षाको रोल नम्वर :

अभ्यास शिक्षण तयारी कार्यशाला सञ्चालन :

मिति ............................ देखि ........................ सम्म

विद्यालय अभ्यास शिक्षण सञ्चालन :

अवधि ............................ देखि ........................ सम्म

सहयोगी विद्यालयको नाम :

सहयोगी विद्यालयको ठेगाना :

तालिम केन्द्रमा सुपरीवेक्षकको नाम :

सम्पर्क तालिम केन्द्रको नाम :

| | | |
|---|---|---|
| सुपरीवेक्षकको दस्तखत | सम्पर्क तालिम केन्द्रका सुपरीवेक्षकको दस्तखत | प्रशिक्षार्थीको दस्तखत |

## परिचय

शैक्षिक जनशक्ति विकास केन्द्रले प्राथमिक शिक्षक भई शिक्षण सेवामा प्रवेश गर्न चाहनेहरूका लागि दश महिने पूर्वसेवाकालीन प्राथमिक शिक्षक तालिमको व्यवस्था गरेको छ । शैक्षिक जनशक्ति विकास केन्द्रबाट अनुमति लिई विभिन्न शिक्षण संस्थाहरूले यो तालिम कार्यक्रम सञ्चालन गर्दै आएका छन् । यसरी निजी स्रोतमा पूर्वसेवाकालीन प्राथमिक शिक्षक तालिम सञ्चालन गर्न यस केन्द्रले दश महिने पूर्वसेवाकालीन प्राथमिक शिक्षक तालिम पाठ्यक्रम तयार गरी लागू गरेको छ । त्यसैगरी तालिम सञ्चालन गर्ने संस्थाका प्रशिक्षकहरूको प्रशिक्षण सीप विकासका लागि प्रशिक्षक-प्रशिक्षण निर्देशिका विकास गरी तालिम प्रदान गर्दै आएको छ । तालिममा गुणस्तरीयता एवम् एकरूपता कायम होस् भन्ने अभिप्रायले दश महिने तालिमको प्रशिक्षक निर्देशिका एवम् प्रशिक्षार्थीहरूका लागि समेत स्रोतसामग्री विकास गरी नमूना सामग्री वितरण गर्ने गरेको छ । पूर्वसेवाकालीन तालिम कार्यक्रमको निरीक्षण, अनुगमन एवम् मूल्याङ्कन तथा प्रमाणीकरण कार्य शैक्षिक जनशक्ति विकास केन्द्रले गर्दछ ।

## पाठ्यक्रम परिचय

पूर्वसेवाकालीन प्राथमिक शिक्षक तालिम पाठ्यक्रम दश महिना अवधिको छ । दश महिने पाठ्यक्रम पाँचपाँच महिनाको दुईओटा सेमेस्टरमा विभाजित छ । प्रथम सेमेस्टरको तालिम कार्यक्रम प्राथमिक शिक्षकमा हुनुपर्ने आधारभूत व्यवसायिक दक्षता एवम् प्राथमिक तहमा शिक्षण गर्नुपर्ने विभिन्न विषय शिक्षणसँग सम्वन्धित ज्ञान, सीप विकास गर्ने तर्फ उन्मुख भएको छ । दोस्रो सेमेस्टरको कार्यक्रम नेपालमा प्राथमिक शिक्षा र प्राथमिक तहको पाठ्यक्रम, पाठ्यपुस्तकमा आधारित विभिन्न विषय, शिक्षण एवम् प्रयोगात्मक विद्यालय अभ्यास (Practicum) शिक्षणमा केन्द्रित गरी तय गरिएको छ ।

**पाठ्यक्रमको संरचना**

| क.सं | प्रथम सेमेस्टर (५ महिना) | घण्टा | क.सं | दोस्रो सेमेस्टर (५ महिना) | घण्टा |
|---|---|---|---|---|---|
| १. | शिक्षणको आधार | १०० | १. | नेपालमा प्राथमिक शिक्षा | १०० |
| २. | वालविकास र सिकाइ | १०० | २. | वातावरण विज्ञान शिक्षण | १०० |
| ३. | विद्यार्थीउपलब्धि मूल्याङ्कन | १०० | ३. | अङ्ग्रेजी शिक्षण | १०० |
| ४. | नेपाली भाषाशिक्षण | १०० | ४. | शारीरिक शिक्षा शिक्षण | ५० |
| ५. | सामाजिक अध्ययन शिक्षण | १०० | ५. | अभ्यास शिक्षण तयारी | |
| ६. | गणित शिक्षण | १०० | | i) नेपाली भाषाशिक्षण I | २० |
| ७. | सिर्जनात्मक तथा अभिव्यक्तिशील कला शिक्षण | ५० | | ii) सामाजिक अध्ययन शिक्षण II | २० |
| | | | | iii) वातावरण विज्ञान शिक्षण III | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | परीक्षा | १० | | | |
| | | | | | |
| | | | ६. | अभ्यास शिक्षण (Practicum) | २०० |
| | | | ७. | परीक्षा | १० |
| | जम्मा | ६६० | | | ६६० |

## अभ्यास शिक्षण पाठ्यांश परिचय

दश महिने तालिम अवधिमा विद्यालय अभ्यास शिक्षण कार्यक्रम २०० घण्टाको तय भएको छ । अभ्यास शिक्षणलाई ५ हप्ताको अभ्यास शिक्षण खण्ड र एक हप्ताको पृष्ठपोषण एवम् अनुभव आदानप्रदान खण्ड गरी दुई भागमा विभाजन गरिएको छ । पहिलो पाँच हप्ताको अवधिमा प्रशिक्षार्थीहरू निर्धारित विद्यालयमा गई शिक्षणलगायत अन्य प्रयोगात्मक प्रकृतिका कार्यकलापहरू सञ्चालन गर्नुपर्छ । एक हप्ताको दोस्रो खण्डमा प्रशिक्षार्थीहरूले ५ हप्ताको पहिलो खण्डको कार्यकलाप सम्पन्न गरेपछि तालिम केन्द्रमा फर्केर अनुभव आदानप्रदान गर्ने कार्यकलापमा सरिक हुनुपर्नेछ । अभ्यास शिक्षणको अवधिमा प्रतिहप्ता ३३ घण्टा प्रशिक्षार्थीहरूले यस प्रयोजनको लागि कार्य गर्नुपर्नेछ ।

**अभ्यास शिक्षण कार्यक्रमको लक्ष तथा उद्देश्य**

लक्ष :

शिक्षण सेवामा प्रवेश गरेपछि शिक्षकले आफ्नो विद्यालयको कार्यमा व्यस्त रहनुपर्छ । अन्य विद्यालय र त्यहाँको कक्षा व्यवस्थापन, शिक्षक तथा विद्यार्थीहरूको कार्य अवलोकन गर्ने समय मुस्किलले मात्र प्राप्त हुन्छ । यो अवसरले प्रशिक्षार्थीलाई आफूले सिकेका कुराहरू यथार्थ परिस्थितिमा लगेर प्रयोग गर्ने र त्यहाँको सम्पूर्ण विद्यालय वातावरणबाट तालिम कक्षमा सिक्न नसकिने महत्वपूर्ण शिक्षण सीप र व्यवसायिक अनुभव हासिल गराउने मौका प्रदान गर्दछ । यसको अलावा विद्यालय र समुदायको सम्बन्ध, लैङ्गिक, सम्प्रदाय, गरिवी र विशेष बालबालिकाहरूसँग सम्बन्धित पक्षहरूमा प्रत्यक्ष अनुभव गर्ने अवसर समेत प्रदान गर्छ ।

उद्देश्यहरू :

१. प्राथमिक तहमा पढाइने विभिन्न विषयको शिक्षण तरिका, कक्षा व्यवस्थापन सीप र शिक्षण स्रोत सामग्रीको प्रयोग र अवलोकन गर्ने ।

२. कक्षाकोठा वातावरणमा विभिन्न विद्यार्थीहरूको सिकाइप्रतिको धारणा तथा विविध व्यवहारको अवलोकन गर्ने ।

३. विद्यालयभित्र र विद्यालयवाहिर सञ्चालन गरिने विभिन्न सहकार्यकलाप तथा अतिरिक्त कार्यक्रम सञ्चालन गर्ने ।

४. पाठयोजना निर्माण, कक्षा व्यवस्थापन, शिक्षण, विद्यार्थी मूल्याङ्कनलगायत अभिभावक, विद्यार्थी र अन्य शिक्षकसँग पृष्ठपोषण आदानप्रदान गर्ने अभ्यास गर्ने ।

५. विद्यालयको सक्षमताको सन्दर्भमा लैङ्गिक, सम्प्रदाय, गरिवी, विशेष आवश्यकता भएका केटाकेटीसँग सम्बन्धित विविधता अवलोकन गर्ने र यस्ता केटाकेटीहरूको मद्दतका लागि गरिने राम्रा उदाहरणहरू अध्ययन गरी कार्यान्वयन गर्ने ।

अभ्यास शिक्षण कार्यक्रममा प्रशिक्षार्थी शिक्षकको मूल्याङ्कन आधार

| सि.नं. | Criteria / आधार | Marks/ अङ्क |
|---|---|---|
| १. | पाठयोजना र शिक्षण | ४५ |
| २. | कक्षाकोठा सजावट/शैक्षिक सामग्री सङ्कलन, निर्माण, प्रयोग एवम् कक्षाकोठा सजावट | ३० |
| ३. | विद्यालयको भौतिक सुविधामा पुऱ्याउन सकेको योगदान | १० |
| ४. | बैठक तथा भेटघाट | १० |
| ५. | सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन | १५ |
| ६. | विद्यार्थी मूल्याङ्कन/प्रश्न निर्माण | १० |
| ७ | पृष्ठपोषणसत्रमा सहभागिता र सक्रियता | १० |
| ८. | अभ्यास शिक्षणको प्रतिवेदन | १५ |
| ९. | 'शिक्षण सिकाइ सामग्री प्रदर्शनी' आयोजना | ५ |
| | जम्मा | १५० |

विद्यालय अभ्यास शिक्षण दैनिक कार्ययोजना

प्रत्येक प्रशिक्षार्थीले निम्नबमोजिमका कार्यहरू तोकिएको दिनमा सम्पादन गर्नुपर्नेछ । सम्पादित काम विवरण तथा प्रतिवेदन तोकिएको ढाँचामा तयार गर्नुपर्नेछ । सम्पादित काम दैनिक रूपमा सुपरीवेक्षकबाट प्रमाणित गराएर राख्नुपर्नेछ । सम्पर्क तालिम केन्द्रका सुपरीवेक्षक आमन्त्रण गरी अभ्यास शिक्षण कार्यको सुपरीवेक्षण गराउनु सम्बन्धित तालिम केन्द्रको दायित्व हो । अभ्यास शिक्षण कार्य समाप्त भएपछि सबै प्रशिक्षार्थीको अभ्यास शिक्षण प्रयोगपुस्तिका सङ्कलन गरी सम्पर्क तालिम केन्द्रका सुपरीवेक्षकसमक्ष पेश

गर्नुपर्नेछ । सम्पर्क तालिम केन्द्रले प्रत्येक सहभागीको विद्यालय अभ्यास शिक्षणको प्रयोगात्मक पुस्तिका अध्ययन गरी मूल्याङ्कन गरिसकेपछि सम्बन्धित तालिम केन्द्रमा फिर्ता दिन सक्नेछ ।

## पहिलो खण्ड

दिन : पहिलो

सहयोगी विद्यालयमा गई विद्यालय र कक्षा कोठाहरूको एवम् सम्पूर्ण भौतिक पक्षको अध्ययन गरी विद्यालय प्रोफाइल तयार पार्ने । यसको परिशिष्ट खण्डमा तालिका (format) उपलब्ध गराइएकोछ । त्यसैलाई प्रयोग गरी कार्य गर्ने ।

दिन : दोस्रो

(क) ५ हप्ताको लागि विद्यालयमा कार्य गर्ने समयतालिका र कार्यविवरण तयार पार्ने ।

(ख) पहिलो दिन सङ्कलित शिक्षक, विद्यार्थी विवरण एवम् सुपरिवेक्षकको School Visit तालिकासमेत ठूलो ग्राफपेपर र चार्ट पेपरमा तयार गरी कार्यालय कक्षमा टाँस गर्ने (समूह कार्य) । साथै सोही बमोजिम प्रयोगपुस्तिकामा उतार गर्ने (व्यक्तिगत कार्य) ।

दिन : तेस्रो

(क) विद्यालयमा आउने विद्यार्थीहरूको बसाइक्षेत्रको आधारमा विद्यालयक्षेत्रको नक्सा तयार पार्ने । नक्सा तयार गर्दा घर, स्कूल, खोला, जङ्गल आदिको सङ्केत स्पष्ट हुने गरी तयार पार्ने ।

(ख) चौथो दिनको लागि कक्षामा पाठशिक्षण गर्न एउटा पाठयोजना निर्माण र उक्त पाठको लागि आवश्यक शैक्षिक सामग्री सङ्कलन र निर्माण गर्ने ।

दिन : चौथो

(क) तेस्रो दिन तयार पारिएको एउटा पाठ शिक्षण गर्ने ।

(ख) पाँचौ दिनको लागि दुईओटा पाठयोजना निर्माण र उक्त पाठको शिक्षणका लागि शैक्षिक सामग्री निर्माण गर्ने ।

दिन : पाँचौ

(क) चौथो दिनमा तयार गरिएका दुईओटा पाठ शिक्षण गर्ने ।

(ख) छैठौं दिनको लागि एउटा कक्षामा सञ्चालन गर्ने गरी सह-कार्यकलापको योजना निर्माण गर्ने । सहकार्यकलाप तलकामध्ये वा यस्तै कुनै एक सञ्चालन गर्नुपर्ने । (कथालेखन, कवितालेखन, नेपाली हिज्जे वा नेपाली हस्तलेखन)

(ग) छैठौं दिन शिक्षण गर्नको लागि दुईओटा पाठयोजना निर्माण र त्यसका लागि आवश्यक शैक्षिक सामग्री तयार पार्ने ।

दिन : छैठौं

(क) पाँचौ दिनमा तयार गरिएका दुईओटा पाठ शिक्षण गर्ने ।

(ख) पाँचौ दिनमा तयार पारिएको सहकार्यकलाप कक्षामा सञ्चालन गर्ने ।

(ग) सातौं दिनको लागि बहुकक्षा शिक्षणमा आधारित एउटा पाठयोजना र त्यसको लागि आवश्यक शैक्षिक सामग्री तयार पार्ने ।

दिन : सातौं

(क) छैठौं दिनमा तयार पारिएको एउटा बहुकक्षा शिक्षण गर्ने । यसका लागि भिन्नभिन्न कक्षाका केही विद्यार्थीहरू मिलाएर बहुकक्षाहरू निर्माण गर्न सकिनेछ ।

(ख) सहपाठी प्रशिक्षार्थीको एउटा कक्षा सुपरीवेक्षकको साथमा अवलोकन गरी सुपरीवेक्षकका उपस्थितिमा पृष्ठपोषण दिने ।

(ग) आठौं दिनका लागि एउटा पाठयोजना र त्यसका लागि आवश्यक सामग्री निर्माण गर्ने ।

(घ) आठौं दिनको लागि एउटा कक्षामा सञ्चालन गर्ने गरी निम्नमध्ये एउटा सहकार्यकलापको योजना निर्माण गर्ने : (गायन, नृत्य, चित्रकला, हस्तकला) ।

दिन : आठौँ

(क) सातौँ दिन तयार पारिएको एउटा पाठ शिक्षण गर्ने ।

(ख) सातौँ दिनको योजना मुताविक एउटा कक्षामा सहकार्यकलाप आयोजना गर्ने ।

(ग) नवौँ दिनको लागि एउटा पाठयोजना र आवश्यक शैक्षिक सामग्री तयार पार्ने ।

(घ) कुनै एउटा खास कक्षामा कुनै खास विषयमा सिकाइ कठिनाइ भएका विद्यार्थी र तिनीहरूको कठिनाइ पहिचान गरी ती कठिनाइ निराकरण गर्ने गरी नवौँ दिनमा शिक्षण गर्नका लागि एउटा पाठयोजना तयार पार्ने ।

दिन : नवौँ

(क) आठौँ दिनको (ग) र (घ) बमोजिम दुईओटा पाठ शिक्षण गर्ने ।

(ख) दशौँ दिनका लागि कुनै एउटा कक्षामा कक्षाशिक्षण गर्ने गरी योजना निर्माण गर्ने र आवश्यक तयारी गर्ने ।

दिन : दशौँ

(क) नवौँ दिनको योजनाबमोजिम दिनभर एउटै कक्षामा शिक्षण (कक्षा शिक्षण) गर्ने ।

दिन : एघारौँ

(क) तलकामध्येबाट कुनै एक कार्यकलाप दुईओटा कक्षाका विद्यार्थीहरूबीच सञ्चालन गर्ने गरी एउटा अतिरिक्त कार्यकलापको योजना तयार गर्ने (हाजिरी जवाफ, वादविवाद, वक्तृत्वकला) । यो कार्यकलाप २ जना प्रशिक्षार्थी र विद्यालय शिक्षकको संयुक्त योजना तथा आयोजनामा गर्न सकिनेछ ।

(ख) बाह्रौँ दिनमा शिक्षण गर्नका लागि दुईओटा पाठयोजना तयार पार्ने ।

(ख) उक्त विद्यालयमा अध्ययनरत कुनै एक सुविधाविहीन बालकका समस्या पहिचान गरी सूचीवद्ध गर्ने र उसका ती समस्या समाधान गर्ने केही रणनीति एवम् सुझाव तय गर्ने ।

दिन : बाह्रौं

(क) एघारौं दिनमा योजना गरिएका पाठ शिक्षण गर्ने ।

(ख) एघारौं दिनमा तयार गरिएको अतिरिक्त कार्यकलाप सञ्चालन गर्ने ।

(ग) तेह्रौं दिन शिक्षणको लागि २ ओटा पाठयोजना र आवश्यक शैक्षिक सामग्री निर्माण गर्ने ।

दिन : तेह्रौं

(क) बाह्रौं दिनमा तयार पारिएका २ ओटा पाठ शिक्षण गर्ने ।

(ख) चौधौं दिनमा शिक्षण गर्नका लागि विषयशिक्षणमा आधारित पाठयोजना एक र बहुकक्षा शिक्षणमा आधारित पाठयोजना एक गरि दुईओटा पाठयोजना र शैक्षिक सामग्री निर्माण गर्ने ।

(ग) तलकामध्ये एउटा खेल खेलाउने गरी योजना तयारी गर्ने ( म्यूजिकल चेयर, मुसोविरालो, रूखमा लोखर्के ) ।

दिन : चौधौं

(क) बाह्रौं दिनको योजनाअनुरूप दुईओटा पाठ शिक्षण गर्ने ।

(ख) सुपरीवेक्षकको उपस्थितिमा बहुकक्षा शिक्षणको एउटा सहपाठी कक्षाअवलोकन गर्ने ।

(ग) एउटा खेल (१३ ग) बमोजिम खेलाउने ।

(घ) पन्ध्रौं दिनको लागि दुईवटा पाठयोजना र आवश्यक शैक्षिक सामग्री तयार पार्ने ।

दिन : पन्ध्रौं

(क) दुईओटा पाठ चौधौं दिनको योजनाअनुरूप शिक्षण गर्ने ।

(ख) सोह्रौं दिनमा शिक्षण गर्ने गरी २ ओटा पाठयोजना र आवश्यक शैक्षिक सामग्री निर्माण गर्ने ।

(ग) दुईओटा कक्षाका विद्यार्थीहरूबीच प्रतिस्पर्धा गराउने गरी तलकामध्ये एउटा अतिरिक्त कार्यकलाप सञ्चालन गर्ने । यो कार्यकलाप दुईजना प्रशिक्षार्थी शिक्षकहरूको संयुक्त योजना र आयोजनामा

पनि गर्न सकिन्छ (रिले दौड, लङ्ग जम्प, स्किपिङ्ग) ।

दिन : सोह्रौं

(क) पन्ध्रौं दिनको योजनाअनुरूप दुईओटा पाठ शिक्षण गर्ने ।

(ख) पन्ध्रौं दिनको योजनाबमोजिमको अतिरिक्त कार्यकलाप सञ्चालन गर्ने ।

(ग) सत्रौं दिनको लागि एउटा पाठयोजना र आवश्यक शैक्षिक सामग्री तयार पार्ने ।

(घ) सत्रौं दिनको लागि तलकामध्ये कुनै एउटा पक्षबाट एउटा आइटम छनौट गरी एउटा कक्षामा सहकार्यकलाप सञ्चालन गर्ने योजना निर्माण गर्ने र आवश्यक सामग्रीको प्रबन्ध गर्ने (कागजको काम, माटोको काम, चित्र पेन्टीङ्ग) ।

दिन : सत्रौं

(क) अघिल्लो दिनको योजनामुताबिक एउटा पाठ शिक्षण ।

(ख) सुपरीवेक्षकको उपस्थितिमा एउटा सहपाठी कक्षाअवलोकन गरी पृष्ठपोषण प्रदान गर्ने ।

(ग) सोह्रौं दिनको क्रियाकलाप 'घ' बमोजिमको सह-कार्यकलाप सञ्चालन गर्ने ।

(घ) अठारौं दिनमा शिक्षण गर्नका लागि एउटा पाठयोजना र आवश्यक शैक्षिक सामग्री निर्माण गर्ने ।

दिन : अठारौं

(क) एउटा पाठ शिक्षण गर्ने ।

(ख) छात्रा र सुविधाविहीन बालबालिकामध्ये एकजना विद्यार्थीको अभिभावकलाई र सिकाइमा कमजोर एकजना विद्यार्थीको अभिभावकलाई भेट्ने व्यवस्था र तयारी गर्ने ।

(ग) उपलब्धिपरीक्षा सञ्चालन गर्न आवश्यक तयारी गर्ने ।

(घ) उन्नाइसौं दिनमा शिक्षण गर्नका लागि एउटा पाठयोजना र आवश्यक शिक्षण सामग्री निर्माण गर्ने ।

दिन : उन्नाइसौं

(क) एउटा पाठ शिक्षण गर्ने ।

(ख) २० औं दिनमा शिक्षण गर्नका लागि दुईओटा पाठयोजना तयार गर्ने र आवश्यक शैक्षिक सामग्री निर्माण गर्ने ।

(ग) प्राथमिक तहको कुनै एक कक्षाका लागि उपयुक्त पि.टी तथा कवाज गराउने योजना तयार गर्ने ।

दिन : बीसौं

(क) उन्नाइसौं दिनको क्रियाकलाप ख बमोजिम दुईओटा पाठशिक्षण गर्ने ।

(ख) पि.टी एवम् कवाजको क्रियाकलाप सञ्चालन गर्ने ।

(ग) अठारौं दिनको क्रियाकलाप 'ख' बमोजिम अभिभावकलाई भेटी छलफल गर्ने र सोको विवरण तयार पार्ने ।

दिन : एक्काइसौं

(क) उपलब्धिपरीक्षाको लागि Specification Chart तथा नमूना प्रश्नहरू निर्माण गर्ने । सुपरीवेक्षक र सहपाठी प्रशिक्षार्थीहरू छलफल र अनुभव आदानप्रदान गर्ने ।

(ख) बाइसौं दिनमा शिक्षण गर्नका लागि दुईओटा पाठयोजना तयार गरी शैक्षिक सामग्रीको समेत व्यवस्था गर्ने ।

(ग) अभिभावक एवम् समुदायका सदस्यहरूसँगको बैठक भेटघाटका लागि योजना निर्माण गर्ने । यसको विषयवस्तुमा छात्रा तथा सुविधाविहीन र सिकाइमा कमजोर बालबालिकाकेन्द्रित विषयवस्तु हुनु पर्नेछ ।

दिन : बाइसौं

(क) उपलब्धिपरीक्षाको अन्तिम तयारी गर्ने ।

(ख) दुईओटा पाठ शिक्षण गर्ने ।

(ग) तेइसौं दिनमा माथि २१'ग' बमोमिजको बैठक सञ्चालन गर्न अन्तिम तयारी सम्पन्न गर्ने ।

दिन : तेइसौं

(क) २१ औं र २२ औं दिनको योजनावमोजिम अभिभावक र समुदायका व्यक्तिहरूसँगको बैठक सञ्चालन गर्ने र सोको सारांश विवरण प्रयोगपुस्तिकामा उल्लेख गर्ने ।

(ख) विद्यालयमा शिक्षणसिकाइ सामग्रीको प्रदर्शनी आयोजना गर्न योजना निर्माण गर्ने (समूह कार्य) ।

दिन : चौवीसौं

(क) उपलब्धिपरीक्षा सञ्चालन गर्ने ।

(ख) शिक्षणसिकाइ सामग्री प्रदर्शनीका लागि आवश्यक सामग्री सङ्कलन र निर्माण गर्ने ।

दिन : पच्चीसौं

(क) शिक्षणसिकाइ सामग्री प्रदर्शनीका लागि आवश्यक सामग्री सङ्कलन र निर्माण गर्ने ।

(ख) उपलब्धिपरीक्षा परीक्षण तथा अङ्कन गर्ने ।

दिन : छब्बीसौं

(क) उपलब्धिपरीक्षाको नतिजा विश्लेषण गर्ने र सोको विवरण प्रयोगपुस्तिकामा उल्लेख गर्ने ।

(ख) क्षेत्रभ्रमण (Field Trip) को लागि योजना निर्माण गर्ने (समूह कार्य)

दिन : सत्ताइसौं

(क) उपलब्धिपरीक्षाको नतिजाको आधारमा विद्यार्थीहरूलाई पृष्ठपोषण दिने ।

(ख) 'शिक्षणसिकाइ सामग्री प्रदर्शनी' सञ्चालन गर्ने (समूह कार्य) ।

दिन : अठ्ठाइसौं

(क) विद्यार्थीहरूलाई क्षेत्रभ्रमणमा लैजाने ।

दिन : उनान्तीसौं

(क) प्राथमिक तहका विभिन्न कक्षाका विभिन्न विषयका गरी ५० ओटा वहुवैकल्पिक, ५ ओटा जोडा मिलाउने, ५ ओटा खाली ठाउँ भर्ने र २५ ओटा विषयगत (१५ ओटा छोटो उत्तर र १० ओटा लामो उत्तर आउने) प्रश्न तयार पार्ने । यो कार्यकलाप अभ्यास शिक्षण शुरू भएदेखि दैनिक गृहकार्यको रूपमा गर्ने र उनान्तीसौं दिन सम्पन्न गरी प्रयोगपुस्तिकामा उल्लेख गर्ने ।

दिन : तीसौं

(क) तालिम केन्द्रमा फर्केर सञ्चालन गरिने पृष्ठपोषण तथा अनुभव आदानप्रदान सत्रका लागि आवश्यक तयारी र डकुमेन्टेशन कार्य सम्पन्न गर्ने ।

## दोस्रो खण्ड

यो खण्डमा प्रशिक्षार्थीहरू सहयोगी विद्यालयबाट तालिम केन्द्रमा फर्केपछि पृष्ठपोषण तथा अनुभव आदानप्रदान गर्नुपर्छ । अभ्यास शिक्षणको यो दोस्रो खण्डलाई पनि दुईओटा भागमा छुट्याइएको छ । पहिलो भागमा प्रशिक्षार्थीहरूले सहयोगी विद्यालयमा गई सञ्चालन गरेका विभिन्न क्रियाकलापहरूको समूहमा छलफल, प्रस्तुतीकरण गरी पृष्ठपोषण आदानप्रदान गर्नुपर्दछ भने दोस्रो भागमा प्रत्येक प्रशिक्षार्थीले विद्यालय अभ्यास शिक्षणको अवधिका क्रियाकलापहरू र आफ्ना अनुभवलाई समेटेर व्यक्तिगत रूपमा प्रतिवेदन तयार पारी प्रयोग पुस्तिकामा समेत उल्लेख गर्नुपर्नेछ ।

### पहिलो भाग

समूह कार्य (४ दिन)
समूहमा कार्य गर्दा प्रत्येक समूहले निम्न पक्षहरूमा केन्द्रित भई कार्य गर्नुपर्दछ :-

- सहयोगी विद्यालयमा सञ्चालन गरिएका क्रियाकलापहरूको फेहरिस्त विवरण समीक्षा गर्ने ।
- अभ्यास शिक्षणको अवधिमा अनुभव गरिएका कठिनाइ तथा चुनौतिहरूमा छलफल गर्ने ।
- कठिनाई तथा समस्यासमाधानमा प्रयोग गरिएका उपायहरूमा छलफल गर्ने ।
- समाधान गर्न नसकिएका समस्याहरू पहिचान र तिनीहरूको सम्भाव्य उपायहरूमा छलफल गर्ने ।

दिन : एकतीसौँ

(क) प्रशिक्षकको सहयोगमा समूह विभाजन गर्ने ।

(ख) सहयोगी विद्यालयको भौतिक सुधारका लागि समूहमा छलफल गरी चार्टपेपरमा प्रतिवेदन तयार पार्ने ।

(ग) प्रत्येक समूहले तयार पारेको प्रतिवेदन प्रतिवेदकले प्रस्तुतीकरण गर्ने, सबै समूहका बीच छलफल गरी पृष्ठपोषण प्राप्त गर्ने ।

दिन : बत्तीसौँ

(क) सहयोगी विद्यालयमा गरिएको विविध शैक्षिक सामग्री निर्माण, प्रदर्शन, प्रयोग एवम् 'शिक्षणसिकाइ सामग्री प्रदर्शनी' को छलफल गरी चार्टपेपरमा प्रतिवेदन तयार पार्ने ।

(ख) प्रत्येक समूहले तयार पारेको प्रतिवेदन प्रतिवेदकले प्रस्तुतीकरण गर्ने, सबै समूहका वीच छलफल गरी पृष्ठपोषण प्राप्त गर्ने ।

दिन : तेत्तीसौं

(क) विभिन्न विषयशिक्षण, कक्षाव्यवस्थापन, शैक्षणिक क्रियाकलाप र विद्यार्थी मूल्याङ्कनका सम्बन्धमा प्रत्येक समूहमा अन्तार्क्रिया गरी प्रतिवेदन तयार पार्ने ।

(ख) प्रत्येक समूहले तयार पारेको प्रतिवेदन प्रतिवेदकले प्रस्तुतीकरण गर्ने, सबै समूहका बीच छलफल गरी पृष्ठपोषण प्राप्त गर्ने ।

दिन : चौंतीसौं

(क) अभिभावक तथा समुदायका व्यक्तिहरूसँगको भेटघाट, विद्यालय समूदाय सम्बन्ध, विद्यार्थीका सिकाइ कठिनाइहरू एवम् सह तथा अतिरिक्त कार्यकलाप र क्षेत्रभ्रमणसम्बन्धी क्रियाकलापहरूमाथि छलफल र प्रतिवेदन तयारी गर्ने ।

## दोस्रो भाग

व्यक्तिगत कार्य (२ दिन)

दिन : पैतीसौं

(क) अभ्यास शिक्षणअवधिमा सहयोगी विद्यालयमा गरेका विविध क्रियाकलापको प्रतिवेदन तयार गर्ने । उक्त प्रतिवेदन प्रयोगपुस्तिकामा समेत उल्लेख गर्ने ।

दिन : छत्तीसौं

(क) सहयोगी विद्यालयमा सञ्चालन गरिएका महत्वपूर्ण क्रियाकलाप र अनुभवहरू, जुन भविष्यमा शिक्षण कार्य गर्न उपयोगी हुनेछन्, तिनीहरूको सूची तयार पार्ने र प्रयोगपुस्तिकामा उल्लेख गर्ने ।

(ख) समापन : समापन समारोहमा सहभागी हुने ।

## विद्यालय प्रोफाइल

१ विद्यार्थी विवरण :

| क.सं. | कक्षा | सङ्ख्या | छात्र | छात्रा | Ethnic/minority सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

२ शिक्षक विवरण

| क.सं. | नाम | स्थायी | अस्थायी | महिला | पुरूष | शैक्षिक योग्यता उच्चतम | तालिम विवरण |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |

ग विद्यालयमा भएका शैक्षिक सामग्री विवरण ( पुस्तकसमेत )

| क.सं. | शैक्षिक सामग्रीको नाम | सङ्ख्या | प्रयोगका अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

घ) भौतिक पक्षको विवरण

| क.सं. | भौतिक सुविधा | छ | छैन |
|---|---|---|---|
| १ | शौचालय | | |
| २ | छात्राको छुट्टै शौचालय | | |
| ३ | सफा खानेपानीको व्यवस्था | | |
| ४ | कक्षा सङ्ख्याअनुसार कक्षाकोठा | | |
| ५ | सबै कक्षामा पर्याप्त फर्निचर | | |
| ६ | सबै कक्षामा कालोपाटी | | |
| ७ | खेल खेलाउन सकिने मैदान | | |
| ८ | कक्षाकोठामा बन्द गर्न मिल्ने झ्याल, ढोका | | |

ङ) विद्यालयको भौतिक पक्षको सुधारका लागि गरिएका कार्यहरू

च) विद्यालयको शैक्षिक पक्षको सुधारका लागि गरिएका कार्यहरू

२ विद्यालयका शिक्षक विद्यार्थी विद्यालयको ग्राफिक प्रस्तुती गर्ने

# पाठयोजनाको खाका

पाठयोजना :

मिति :

घण्टी :

समय :

दिन :

कक्षा :

विषय :

पाठ :

पाठ्यवस्तु :

१ व्यवहारिक उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् ।

क)

ख)

ग)

घ)

२ शैक्षिक सामग्री

३ शिक्षण-सिकाइ क्रियाकलाप

| शिक्षक क्रियाकलाप | विद्यार्थी क्रियाकलाप |
|---|---|
| १ पाठ्यवस्तुसँग सान्दर्भिक र अभिप्रेरणा जगाउने क्रियाकलाप राख्ने । | १ |
| २ | २ |
| ३ | ३ |
| ४ | ४ |
| ५ | ५ |
| ६ | ६ |

४ गृहकार्य

५ सुपरीवेक्षकबाट अवलोकनपश्चात् प्राप्त सुझाव :

प्रशिक्षार्थीको दस्तखत　　कक्षाशिक्षकको दस्तखत　　सुपरीवेक्षकको दस्तखत

## आत्ममूल्याङ्क फारम

प्रशिक्षार्थी शिक्षकले कक्षामा पाठ शिक्षण गरिसकेपछि देहायका कुरामा बिचार गर्नुपर्छ । यसको अभिलेखका लागि यो आत्ममूल्याङ्कन फाराम भर्नुपर्दछ ।

| प्रस्तुत पाठशिक्षणमा तपाईंका सफल र सबल पक्षहरू के-के रहे ? | किन ? कसरी थाहा पाउनुभयो ? |
|---|---|
| १ | १ |
| २ | २ |
| ३ | ३ |
| ४ | ४ |
| ५ | ५ |

| | |
|---|---|
| ६ | ६ |
| के-के कुराहरू त्यति सन्तोषजनक र सफल रहेनन् ? | अर्कोपटक शिक्षण गर्दा यी कुरामा कसरी परिवर्तन र सुधार ल्याउनुहुन्छ ? |
| १ | १ |
| २ | २ |
| ३ | ३ |
| ४ | ४ |
| ५ | ५ |
| ६ | ६ |

# कार्यविवरण फाराम

क) शिक्षण कार्यविवरण :

| दिन | मिति | कक्षा | विषय | पाठ्यवस्तु | प्र. अ. बाट प्रमाणित दस्तखत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |
| ११ | | | | | |
| १२ | | | | | |
| १३ | | | | | |
| १४ | | | | | |
| १५ | | | | | |
| १६ | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | | | | | |
| १८ | | | | | |
| १९ | | | | | |
| २० | | | | | |
| २१ | | | | | |
| २२ | | | | | |
| २३ | | | | | |
| २४ | | | | | |
| २५ | | | | | |
| २६ | | | | | |
| २७ | | | | | |
| २८ | | | | | |
| २९ | | | | | |
| ३० | | | | | |
| ३१ | | | | | |
| ३२ | | | | | |
| ३३ | | | | | |
| ३४ | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३५ | | | | | |
| ३६ | | | | | |

ख) सहकार्यकलाप / अतिरिक्त कार्यकलाप विवरण

| दिन | मिति | कक्षा/कक्षाहरू | सहकार्यकलापको नाम | प्र. अ. बाट प्रमाणित / दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

ग) निर्माण र सङ्कलन गरिएका शिक्षण-सिकाइ सामग्री विवरण :

| क्र.सं. | सामग्रीको नाम | निर्माण गरिएको | सङ्कलन गरिएको | प्रयोग गरिएका पाठयोजना नम्वरहरू |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |
| १४ | | | | |
| १५ | | | | |

ग) सहपाठी कक्षा-शिक्षण अवलोकन विवरण :

| क्र.सं. | अवलोकन मिति | शिक्षण गर्ने सहपाठीको नाम | प्रमुख सवल तथा सुधारात्मक पक्षहरू |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

| | | | |
|---|---|---|---|
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |
| ११ | | | |
| १२ | | | |
| १३ | | | |
| १४ | | | |
| १५ | | | |

ङ) शिक्षक अभिभावक / समुदायका सदस्यसँगको भेटघाट विवरण :

| क्र.सं. | मिति | भेटघाट गरिएका व्यक्तिहरू | भेटघाटको विषयवस्तु | उपलब्धिसूचक |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

सुपरीवेक्षकको दस्तखत

( निजलाई वाह्य परीक्षामा सामेल गराउन [ ]
नगराउन [ ] सिफारिस गर्दछु )
सम्पर्क शिक्षक तालिम केन्द्रका सुपरीवेक्षकको दस्तखत

## सहपाठी / कक्षाअवलोकन फाराम

सहपाठी शिक्षकको नाम :
अवलोकन मिति :
कक्षा :
विषय :
पाठ्यवस्तु :

| क | कक्षा व्यवस्थापन तथा कक्षा वातावरण अवलोकन | छ | छैन |
|---|---|---|---|
| १ | शिक्षक विद्यार्थीबीच Co-operative वातावरण छ । | | |
| २ | क्रियाकलाप सञ्चालनका लागि उपयुक्त वातावरण तयार भयो । | | |
| ३ | शिक्षक सकारात्मक र Friendly छन् । | | |
| ४ | सबैले रमाइलो मानिरहेका छन् । | | |
| ५ | शिक्षक विद्यार्थी र विद्यार्थी-विद्यार्थीबीच सहयोगात्मक वातावरण छ । | | |
| ख | शिक्षक क्रियाकलाप अवलोकन | | |
| १ | सबै विद्यार्थीलाई समान ध्यान र अवसर दिईएको छ । | | |
| २ | विद्यार्थीलाई प्रश्न गरे । | | |
| ३ | विद्यार्थीलाई आफ्ना कुरा भन्न दिए । | | |
| ४ | थप सहयोग चाहिने विद्यार्थीलाई मद्दत गरे । | | |
| ५ | विद्यार्थीलाई पनि कामको जिम्मेवारी दिए । | | |
| ६ | विद्यार्थीको क्षमताअनुसारका क्रियाकलाप गराए । | | |
| ७ | शिक्षकको भाषा तथा बोलीको गति विद्यार्थीको स्तरअनुसार थियो । | | |
| ८ | विद्यार्थीहरूलाई उनीहरूको नामले सम्बोधन गर्छन् । | | |

| | | | |
|---|---|---|---|
| ९ | सबै विद्यार्थीसँग Eye contact maintain गर्छन् । | | |
| १० | कालोपाटीमा स्पष्टसँग लेख्छन् । | | |
| ११ | हाउभाउ र अनुहारको अभिव्यक्ति उपयुक्त छ । | | |
| १२ | एकै ठाउँमा नउभिई कक्षामा विभिन्न स्थानमा पुग्छन् । | | |
| ग | क्रियाकलाप सञ्चालन | | |
| १ | शिक्षकसँग शैक्षिक सामग्री छन् र प्रयोग गर्छन् । | | |
| २ | पाठको थालनी उपयुक्त ढङ्गको रह्यो । | | |
| ३ | पाठ्यपुस्तकको प्रयोग भयो । | | |
| ४ | शिक्षकलाई विषयवस्तुको राम्रो ज्ञान छ । | | |
| ५ | क्रियाकलापमा विविधता थियो । | | |
| ६ | हतार नगरी एक क्रियाकलापबाट अर्को क्रियाकलापमा उपयुक्त गतिमा अघि बढ्ने काम भयो । | | |
| ७ | प्रश्नहरू स्पष्टसँग र एक पटकमा एउटा सोधियो । | | |
| ८ | प्रश्न समूहमा राखेपछि व्यक्ति तोकियो । | | |
| ९ | गलत उत्तर आउने, अधुरो उत्तर आउने र उत्तर नआउने अवस्थामा विशिष्ट पृष्ठपोषण दिइयो ( Praising and Probing ) । | | |
| १० | सही जवाफ सबैले सुन्नेगरी दोहोऱ्याइयो । | | |
| ११ | उपयुक्त ढङ्गले पाठ समापन गरियो | | |
| घ | विद्यार्थी क्रियाकलाप अवलोकन | | |
| १ | विद्यार्थीले पाठप्रति रूचि राखे । | | |

| | | | |
|---|---|---|---|
| २ | विद्यार्थीले पनि शैक्षिक सामग्री प्रयोग गर्न र कालोपाटीमा लेख्न पाए । | | |
| ३ | शिक्षकको निर्देशन ध्यान दिएर सुने । | | |
| ४ | सबै विद्यार्थी सक्रिय भएर क्रियाकलापमा जुटे । | | |
| ५ | विद्यार्थीहरूले प्रश्न सोधे, जिज्ञासा राखे । | | |
| ६ | विद्यार्थीहरू अन्य साथीहरूको कुरा सुन्छन् र प्रतिक्रिया व्यक्त गर्छन । | | |
| ७ | एकअर्कोलाई सहयोग गर्छन् । | | |

सुपरीवेक्षकको दस्तखत

अवलोकनकर्ता प्रशिक्षार्थीको दस्तखत

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी, भक्तपुर
फोन: ६-६३०७६६, ६-६३४३३९, ६-६३३०८६
फ्याक्स: ६-६३१४८६
Email: nced@ntc.net.np